Nepali version

# एक साथ हामी निष्पक्ष समाजलाई कायम राख्छौँ

# घूस नदिनुहोस्, भ्रष्टाचारको बारेमा रिपोर्ट गर्नुहोस्



## घूस नदिनुहोस्

हंगकंगमा घुस लेनदेनलाई आपराधिक कार्य मानिन्छ । सार्वजनिक क्षेत्रमा कार्यरत होस् वा निजी क्षेत्रमा कुनै कर्मचारीले आफ्नो अधिकारको फाइदा लिएर घुस लिनु अपराध हो । घुस दिने व्यक्ति पनि अपराधि नै हो । घुस रोकथाम अध्यादेस (PBO) अनुसार यस्ता लाभमा कुनै पनि उपहार, पुरस्कार, कमिसन, ऋण, कार्यालय सेवा वा मद्दत जस्ता कुराहरु पर्दछन् । ***यस्ता घुस लिने र दिने कार्यका लागि अधिकतम् सात बर्ष जेल र HK$500,000 सजाय हुन्छ ।***

घुसका दुइ उदाहरणहरु तल दिइएका छन्:

**■ सरकारी सेवामा आवेदन दिँदा ■**

एक व्यक्तिले सरकारी सेवाका लागि आवेदन दिएका छन् । उक्त सेवा यथासक्य छिटो गर्नका लागि उनले एक सरकारी अधिकृतलाई प्रक्रिया छिटो गराउन एउटा उपहार अफर गर्छन् । हंगकंग सरकारले आफू मातहतका कुनै पनि अधिकारीलाई यस्ता उपहार माग्न वा स्वीकार गर्न अनुमति नदिएकाले उक्त व्यक्तिले PBO अन्तर्गत घुस दिन खोजेकाले उनले अपराध गरेका छन् । यदि उक्त सरकारी अधिकारीले आवेदनको प्रक्रिया अघि बढाईदिन उपहार लिएमा उनले पनि घुस लिएको अपराध गरेको ठहर्छ ।

**■ नोकरी खोज्न ■**

एक जना नोकरी खोजी गर्ने व्यक्तिले आफ्नो नोकरी सुनिस्चित गर्न कम्पनीका प्रबन्धकलाई HK$3,000 अफर गर्छन् । ति नोकरी खोजी गर्ने व्यक्ति PBO अन्तर्गत दोषी ठहर्नेछन् र यदि कम्पनीको अनुमति बेगर उक्त प्रबन्धकले कम्पनीको कामको सम्बन्धमा सो रकम स्वीकार गरेमा उनले पनि कानून उल्लङ्घन गरेको ठहर्नेछ ।



## भ्रष्टाचार विरुद्धको स्वतन्त्र आयोग (ICAC)

ICAC हङकङको स्वतन्त्र र समर्पित भ्रष्टाचार-विरोधी निकाय हो। यसले प्रभावकारी कानून प्रवर्तन, रोकथाम र शिक्षाको माध्यमबाट भ्रष्टाचार विरुद्ध लड्छ।




## भ्रष्टाचारको बारेमा रिपोर्ट गर्नुहोस्

भ्रष्टाचारले भेदभाब निम्त्याउँछ र हाम्रो दैनिक जीवनमा प्रतिकूल प्रभाव पार्छ। भ्रष्टाचार नसहनुहोस् र यसको बारेमा ICAC लाई रिपोर्ट गर्नुहोस्।

- जातिगत भाषाहरूमा दोभाषे सेवाको प्रबन्ध मिलाउन सकिन्छ।
- तपाईंको परिचय र प्रदान गरिएको जानकारीलाई गोपनीय राखिनेछ।
- कुनैपनि नियोजित भेट तय गर्न आवश्यक छैन। रिपोर्ट गर्न सकिन्छ:

**फोनबाट:** 25 266 366 (24-घण्टे हटलाइन)

**आफै आएर:** ICAC रिपोर्ट सेन्टर (24-घण्टे सेवा) वा कुनैपनि ICAC क्षेत्रीय कार्यालय

**मेलद्वारा:** GPO Box 1000, Hong Kong

ICAC Website : www.icac.org.hk

